नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्या :-
च.नं.

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाडौं

मितिः २०७८।१०।२६

## प्रेस विज्ञप्ति

मिति २०७८।१०।०२ गते काठमाण्डौंबाट पोखरा उडानमा रहेको गुण एयरलाइन्सको Beechcraft 1900C दर्ता नम्बर 9N-AGL रहेको वायुयानको आकाशमै ढोका खुलेको घटना सम्बन्धमा सत्य तथ्य पत्ता लगाई के भएको हो? र भविष्यमा यस प्रकारका घटनाहरु दोहोरिन नदिन चाल्नु पर्ने कदमका सम्बन्धमा प्राविधिक छानविन गर्न उडान सुरक्षा विज्ञ, क्या. दधिराम निरौला को संयोजकत्वमा मिति २०७८।१०।०३ गतेको सचिवस्तरको निर्णयानुसार चार(४) सदस्यीय एक कार्यदल गठन गरिएको थियो । उक्त कार्यदलले अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम विस्तृत अध्ययन गरी तयार पारेको घटना जाँचबुझ प्रतिवेदन मन्त्रालयका सचिव श्री महेश्वर न्यौपानेज्यू समक्ष पेश भएको छ । सचिवज्यूबाट उक्त प्रतिवेदन ग्रहण गरी घटना जाँचबुझमा संलग्न कार्यदलका पदाधिकारीहरुलाई धन्यवाद दिंदै प्रतिवेदनले औंल्याएका सुझावहरु कार्यान्वयनका लागि मन्त्रालयका सम्बन्धित पदाधिकारीलाई निर्देशन दिनुभएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

२०७८।१०।२६

(डा. टोकराज पाण्डे)
सहसचिव एवं प्रवक्ता